म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २१० मंगलबार ३० फागुन २०७९ ने. सं. ११४३ चिल्लागा 14 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हरियाली टोलमा एमाले पार्टी कमिटी

हेटौंडा, २९ फागुन/ हेटौंडा उपमहानगरपालिका-१३, स्थित हरियाली टोलमा नेकपा एमालेको पार्टी कमिटी गठन भएको छ । हरियाली टोल भेलाले चन्द्रनारायण श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय टोल कमिटी गठन गरिएको छ । पार्टीले सञ्चालन गरेको मिसन ग्रासरुट (पार्टी सुदृढीकरण तथा विस्तार अभियान-२०७९) अन्तर्गत् हेटौंडा-१३ को हरियाली टोल भेला वीरबहादुर बस्वालको सभाध्यक्षतामा नेकपा एमाले जिल्ला कमिटी सचिव नविन सिग्देलको प्रमुख आतिथ्यतामा भएको हो । सचिव सिग्देलले पार्टी सदस्यता नवीकरण, नयाँ सदस्यता वितरण, कमिटी गठन पुनर्गठन, प्रशिक्षण कार्यक्रम जिल्लाव्यापीरुपमा भइरहेको बताए । 'हिजो व्यवस्था परिवर्तन गर्न संगठन बनाइयो, अब जनताको शिक्षा, स्वास्थ्य, रोजगारमा सुधार ल्याउन संगठन बलियो बनाउनु पर्छ', सिग्देलले भने । उनले बलियो संगठनले नै निर्वाचन जित्ने र सरकारमा पुगेर जनअपेक्षा अनुसार काम गर्न सकिने बताए । कार्यक्रममा पार्टी जिल्ला सचिवालय सदस्य ईन्द्रप्रसाद नेपाल, जिल्ला प्रतिनिधि परिषद्का सदस्य कृष्ण खतिवडा, नगर सदस्य तथा वडा ईन्चार्ज केदार गौतम, वडा कमिटी सचिव ध्रुव दंगाललगायतको उपस्थिति रहेको पार्टी वडा सचिव उद्धव दंगालले बताए ।

प्रदेश 'सिंहदरबार' बनाउन हटियाको ५४ बिघा जग्गामा ईआईए

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ बागमती प्रदेश सरकार गठन भएको छैटौं वर्ष अर्थात् प्रदेशसभाको दोस्रो कार्यकालमा बल्ल प्रादेशिक संरचना निर्माणको प्रक्रिया अगाडि बढेको छ ।

विगतमा प्रदेश राजधानी हेटौंडा अस्थायी हुँदा प्रादेशिक संरचना निर्माणमा चासो नदिएको तत्कालीन सरकारले स्थायी राजधानी बनेपछि भने संरचना निर्माणका लागि काम अगाडि बढाएको थियो । तर, पहिलो कार्यकालमै प्रदेशको 'सिहंदर बार' बन्नेमा टुंगो भने लागेन । बागमतीमा सरकार गठन भएको चार वर्षपछि अघिल्लो कार्यकालमा निवर्तमान मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे नेतृत्वको सरकार गठनपश्चात् प्रदेशको 'सिंहदरबार' बनाउने योजनाले जग्गा छनौट गरिएको थियो । प्रदेश सरकारको प्रशासनिक भवन जग्गा पहिचान समिति बनाएर प्रादेशिक संरचना बनाउन हेटौंडाभित्र आठ ठाउँमा नयाँ जग्गाको खोजी गरिएको हो । उक्त जग्गाको स्वीकृतिको लागि प्रदेश मन्त्रिपरिषद्ले संघीय सरकारलाई सिफारिस गरेको थियो ।

स्वीकृतिका लागि सिफारिस भएकामध्ये हालको हेटौंडा-१६ र १७ नम्बर वडामा पर्ने ५४ बिघा ११ रोपनी जग्गामा प्रदेशको 'सिंहदरबार बन्ने पक्कापक्की भएको छ । हेटौंडा स्थायी रुपमा प्रदेशको राजधानी भएपछि प्रादेशिक संरचना निर्माणका सम्बन्धमा आमचासो थियो । तत्काल कुनै राजनीतिक निर्णय परिवर्तन नभएमा सांविक हटिया गाविस-२, स्थित लक्ष्मीपुर चौरको कित्ता नम्बर १९६ को क्षेत्रफल ५४ बिगाह ११ रोपनीमा प्रदेशको 'सिंहदरबार' बन्ने भएको हो । जसका लागि सोमबार बिहान बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले लक्ष्मीपुरचौरको जग्गाको वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) गर्ने निर्णय गरेको छ ।

कुनै आयोजनाको निर्माणअघि त्यसको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावका विषयमा मूल्याङ्कन गर्न ईआईए गरिन्छ । उक्त

जग्गामा प्रदेशका मन्त्रालयहरु, प्रदेश योजना आयोगदेखि प्रादेशिक संरचना निर्माण गर्न ईआईए गर्ने निर्णय भएको सरकारका प्रवक्तासमेत रहेका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले जानकारी दिए । उनले हटियाको ५४ बिगाह क्षेत्रफलमा प्रदेशको संरचना निर्माण हुने निश्चित भएको बताए ।

भौतिक पूर्वाधारसहितका कुनैपनि संरचना निर्माण गर्दा त्यसले वातावरणमा पर्नसक्ने नकारात्मक प्रभावलाई मूल्याङ्कन गरी सम्भावित दुष्परिणाम नियन्त्रणका लागि आयोजना सुरु गर्नुअगाडि नै ईआईए गर्नुपर्ने कानुनी प्रावधान छ । ईआईए हाल १७ नम्बर वडा र खहरे पश्चिम १६ नम्बर वडाभित्र पर्ने जग्गामा गरिने भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव निश्चलराज पाण्डेको जानकारी दिए । संघीय सरकारले जग्गा स्वीकृति अगाडि जग्गाको ईआईए गर्न सुझाव दिएपछि मन्त्रिपरिषदले सोमबार निर्णय गरेको पाण्डेले बताए ।

'प्रादेशिक संरचना निर्माण फाष्ट्याकबाट हुँदैछ । जसका लागि जग्गा स्वीकृतिका लागि ईआईए गर्नुपरेको हो । ईआईए भएपछि संरचनाहरु निर्माणको प्रक्रिया थप अगाडि बढ्छ,' पाण्डेले भने, 'ईआईए भएपछि संरचनाहरुको डीपीआर बनाइने र ठेक्का प्रक्रियामा लगेर निर्माण सुरु हुन्छ', सबै प्रक्रियाहरु पूरा हुन करिब १ वर्ष लाग्ने उनको भनाइ छ । राजेन्द्र पाण्डे नेतृत्वको अघिल्लो सरकारले हेटौंडाभित्रको ८ वटा जग्गामा संरचना बनाउन कूल एकसय ९५ दशमलव २७ बिगाह जग्गा पहिचान गरेर संघीय सरकारसँग स्वीकृति मागेको थियो । करिब ४२ महिना सरकार चलाएका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले हेटौंडा-२, स्थित हालकै सरकारी अड्डाहरु रहेको क्षेत्रमा जग्गा चयन गरेपनि संरचना बनाउन सकेका थिएनन् । पौडेलको पालामा ७ वटा मन्त्रालय भवनहरुको डीपीआर बनेपनि सरकार परिवर्तन हुँदा काम बीचमै रोकिएको थियो ।

पाण्डे नेतृत्वको सरकार आएपछि भने प्रदेश 'सिंहदरबार' बजार क्षेत्रबाट पूर्वतर्फ हटिया पुगेको हो । हटियामा सरकारले मन्त्रालयहरु, आयोगका कार्यालयहरु, निर्देशनालय, विभाग तथा आवासगृह स्थापना गर्नेछ । तत्कालीन सरकारले हेटौंडा उपमहानगरपालिका-१९ लेवटमा ८० बिगाह जग्गा, हेटौंडा-१६ मा ५४ बिगाह, हेटौंडा-६ चित्रेपानीमा २५ बिगाह, हेटौंडा-९, लामसुरेमा १५ बिगाह, हेटौंडा-१७ हटियास्थित डिपोचौरमा १२ बिगाह, हेटौंडा-९, स्थित हेटौंडा सिमेन्टको स्वामित्व रहेको ५ बिगाह, हेटौंडा-८ भोर्लेमा २ दशमलव १३ र हेटौंडा-१७ हटियाको पश्चिम डिपोचौरमा २ दशमलव १४ बिगाह जग्गा छुनोट गरेको थियो ।

समयमै प्रादेशिक संरचना निर्माण हुन नसक्दा बागमतीका मन्त्रालय, प्रदेशमातहत सबै कार्यालयहरु पुराना सरकारी भवन र भाडाको घरबाट सञ्चालन भइरहेका छन् । संरचना अभावले तत्कालीन यातायात व्यवस्था कार्यालयले निर्माण गरेको एउटै भवनमा यसअघि पाँचवटासम्म मन्त्रालय बसेका थिए । २०७२ सालको भूकम्पले क्षति पुऱ्याएपछि रातो स्टिकर टाँसिएको भवनदेखि भाडाका घरबाट सरकारको कार्यसम्पादन हुँदै आइरहेको हो । प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश दुग्ध विकास बोर्ड, सहकारी बोर्ड, प्रदेश युवा विकास परिषद्लगायत धेरै कार्यालयहरु भाडाका घरबाट सञ्चालन भइरहँदा राज्यलाई आर्थिक भार थपिँदै गइरहेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नै तत्कालीन जिल्ला विकास समितिको भवनमा छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास र स्वास्थ्य मन्त्रालय, वन तथा पर्यटन मन्त्रालयसहित अधिकांश मन्त्रालयहरु सांविककै जिल्लास्तरका सरकारी कार्यालय रहेका भवनबाट सञ्चालन भइरहेका छन् । प्रदेशको 'सिंहदरबार' बन्ने लगभग निश्चित भएको हटिया पुग्न हेटौंडाको मुख्य बजारबाट करिब आधा घण्टा लाग्छ । हटियामा प्रादेशिक संरचना निर्माणशृङ्खला भने हेटौंडामा साँघुरिँदै गरेको बजारलाई भने सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

घर भाडामा

हेटौंडाको सिँचाईठोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्लयाट दुई वटा तला, १२ कोठा ४ठेज बाथरुम, गाडी पार्किङ्ग, मिठिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८४७२५९८०६

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

सरकारी अनुदान कटौतीले रासायनिक मल महँगिदै

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ सरकारले रासायनिक मलको खरिदमा कृषकलाई दिँदै आएको अनुदान घटाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको बैठकले अनुदान घटाउने निर्णय गरेको हो ।

'रासायनिक मलमा यसअघि समग्रमा ७० दशमलव ८२ प्रतिशत बराबर अनुदान दिइरहेकोमा अब ५९ दशमलव ०४ प्रतिशत कायम गरिएको छ । यो दरलाई क्रमशः ५० प्रतिशतमा झारिनेछ ।' कृषि मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । सरकारले मलको अनुदान घटाएसँगै कृषकले यसअघि खरिद गर्दै आएको मूल्य पनि बढ्ने भएको छ ।

अनुदान कटौतीपछि आयात बिन्दुमा युरिया प्रतिकिलो २५ रुपैयाँ, डीएपी प्रतिकिलो ५० रुपैयाँ, पोटास प्रतिकिलो ४० रुपैयाँमा बिक्री वितरण हुनेछ । यसअघि आयात बिन्दुमा युरिया प्रतिकिलो १४, डीएपी प्रतिकिलो ४३ र पोटास प्रतिकिलो ३१ रुपैयाँमा बिक्री भइरहेको थियो । सांविकभन्दा अब युरिया प्रतिकिलो ११, डीएपी प्रतिकिलो ७२ पोटास प्रतिकिलो ९ रुपैयाँ महँगो पर्ने भएको छ ।

बाँकी पृष्ठ-४....

आजदेखि हेटौंडामा बक्सिङको राष्ट्रिय प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ हेटौंडामा १२ वर्षपछि अर्थात् आज मंगलबारबाट बक्सिङको राष्ट्रिय प्रतियोगिता सुरु हुँदैछ । हेटौंडा-४, पारिजातपथस्थित नवनिर्मित कभर्ड हलमा 'अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता' सुरु हुन लागेको हो ।

मकवानपुर जिल्ला बक्सिङ संघ र बागमती प्रदेश खेलकुद विकास परिषद्को संयुक्त आयोजनामा हुन लागेको प्रतियोगिताको सम्पूर्ण तयारी सकिएको बक्सिङ संघ मकवानपुरका अध्यक्ष दिपेश जोशीले जानकारी दिए । प्रतियोगितामा २३ जिल्लाका १७ वर्षदेखि २१ वर्षसम्मका युवा खेलाडीको सहभागिता हुने जनाइएको छ । भर्खरै बक्सिङ खेलमा लागेका युवालाई प्रोत्साहन गर्न प्रतियोगिता आयोजना गरिएको संघका अध्यक्ष जोशीले बताए ।

चैत ४ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा २३ जिल्लाको ३७ क्लबका एकसय ७८ जना खेलाडीको सहभागिता रहनेछ । जसमध्ये एकसय ५० जना पुरुष र २८ जना महिला खेलाडी सहभागी हुँदैछन् । प्रतियोगितामा पुरुषतर्फ नौं र महिलातर्फ सात वटा तौल समूहमा खेल सञ्चालन हुनेछ ।

प्रत्येक तौल समूहका बिजेता, उपबिजेता र सेमिफाइनलमा पराजित हुने २ खेलाडीले क्रमशः दश हजार, पाँच हजार र तीन हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । यसैगरी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट महिला तथा पुरुष खेलाडी, उत्कृष्ट टिम, बेष्ट रेफ्री र बेष्ट लुजरलाई नगद ३ हजार रुपैयाँ प्रदान गरिने अध्यक्ष जोशीले बताए ।

बक्सिङका अन्तर्राष्ट्रिय खेलाडीसमेत रहेका हेटौंडा-५ का वडाअध्यक्ष सुशील घिमिरेले प्रत्येक खेलको म्यान अफ द म्याचलाई वडा कार्यालयको तर्फबाट ३ हजार रुपैयाँ उपलब्ध गराइने जानकारी दिए । प्रतियोगितामा मकवानपुरका ७ जना खेलाडीको सहभागिता रहने संघले जानकारी गराएको छ ।

यसैबीच, मकवानपुरबाट प्रतिनिधित्व गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा प्रतिस्पर्धा गरेर मेडल प्राप्त गरेका २३ जना खेलाडीलाई सम्मान गरिने भएको छ । प्रतियोगिताका लागि करिब ३५ लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ ।

साझाकुरा

हाम्रो कुरा

लामखुट्टे नियन्त्रण अभियान निरन्तर हुनु जरुरी

नेपालमा सरुवा रोग अन्य देशको तुलनामा तीव्र गतिमा सरेको पाइन्छ । जुनसुकै सरुवा रोगहरु लाग्न सुरु भएपछि अन्य देशको तुलनामा धेरै क्षेत्रमा तीव्र गतिमा फैलने र त्यसबाट धेरै मानिसको मृत्यु भएको पाइन्छ । यसको मुख्य कारण रोगबारे चेतनाको कमि र उचित सावधानी नअपनाउनु नै हो । नेपालमा फैलने झाडापखाला होस्, कोरोना होस् या डेंगु । सबै सरुवा रोगहरु तीव्रगतिमा सर्ने गरेको छ । कुनै स्थानमा झाडापखाला सुरु भयो भने गाउँ नै सखाप हुने गरी फैलिन्छ । कोरोना देशव्यापी भएर विस्तारै नियन्त्रण भयो । डेंगुको महामारी वर्षेनि फैलिने गरेको छ । फेरि डेंगुको बिरामीहरु बढ्न थालेको छ । विगत केही वर्षदेखि नेपालमा डेंगु रोग लाग्न लागेको छ । डेंगुबाट धेरै बिरामीहरुले ज्यान गुमाइसकेका पनि छन् ।

डेंगु लामखुट्टेको टोकाइबाट एकबाट अर्को व्यक्तिमा सर्ने रोग हो । डेंगु सार्ने छुट्टै प्रकारको लामखुट्टे हुने गर्दछ, जुन सफा र जमेको पानीमा हुर्कने गर्दछ । यसलाई न्यूनीकरण गर्ने मुख्य उपाय भनेको सफा तर जमेको पानीलाई नष्ट गर्ने र लामखुट्टेलाई हर्कनै नदिने हो । डेंगुको महामारी फैलिएको बेलामा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले यससम्बन्धी पर्याप्त सचेतनाका सन्देशहरु प्रवाह गर्दछन् । लामखुट्टेको लार्भामै नष्ट गर्ने अभियान थाल्दछन् । बिरामीको उपचारमा विशेष सतर्कता अपनाउने गरेका हुन्छन् । ज्यानै जाने डरले मानिसहरुले पनि केही सचेतता अपनाएको पाइन्छ । मानिसको सचेततासंगै केही समय रोग नियन्त्रणमा आउँछ । तर, त्यसलाई निरन्तरता नदिँदा पुनः रोग फैलने गरेको छ ।

गर्मी बढेसंगै लामखुट्टेको संख्या बृद्धि हुँदै जाँदा पुनः डेंगुको रोगीहरुको संख्या बढ्न थालेको छ । तर, मानिसहरुले अपनाउनुपर्ने सचेतता अपनाएको पाइँदैन । हेटौंडा उपमहानगरपालिकाले लामखुट्टेको बिगबिगी बढ्न नदिन लामखुट्टे नियन्त्रण गर्न स्प्रे अभियान सुरु गरेको छ । यसले केही हद्सम्म लामखुट्टे नियन्त्रण गर्न सकेपनि पूर्ण भने पक्कै होइन । त्यसलाई सकारात्मकरुपमा लिँदै लामखुट्टे हुर्कन नदिन सबै नगरबासीले आआफ्नो क्षेत्रमा लामखुट्टे हुर्कन नदिन फोहोरको उचित सफाई गर्ने, सफा जमेको पानी भएको भाँडाहरु हटाउने, झाडीहरु सफा गर्ने, झुल टाँगेर सुत्ने, पूरा बाउला भएको कपडा लगाउने, दिउँसो लामखुट्टेको टोकाइबाट बच्नेलगायत सावधानी अपनाउनु पर्दछ । सबैले लामखुट्टे नियन्त्रण अभियानलाई नियमित क्रियाकलापकै रुपमा अगाडि लैजान सके पक्कै डेंगु रोग नियन्त्रण गर्न सकिन्थ्यो कि ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत १ गते बुधबार १५ मार्च २०२३ । अष्टमी चैत कृष्णपक्ष । चिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:१६, सूर्यास्त ६:११। शीतलाष्टमी । चैत्र संक्रान्ति । विश्व उपभोक्ता दिवस ।

आजको राशिफल

मेष	: अधुरा कामहरु पूरा हुनेछ	**तुला**	: धार्मिक कार्यको अवसर मिल्नेछ
वृष	: स्वास्थ्यको समस्या आउनेछ	**वृश्चिक**	: व्यापार राम्रो चल्नेछ
मिथुन	: परिवारमा सुखद माहौल रहनेछ	**धनु**	: मानसिक सन्तोष हुनेछ
कर्कट	: स्थिति अनुकूल बन्नेछ	**मकर**	: धन प्राप्ति हुनेछ
सिंह	: प्रेम सम्बन्ध प्रगाढ हुनेछ	**कुम्भ**	: व्यापारमा नयाँ योजना बन्नेछ
कन्या	: अहंकारको भावले काम बिगार्नेछ	**मीन**	: कठिनाई कम हुनेछ

समाजवादभित्र स्वार्थको घनचक्कर !

रमेश भट्टराई 'सहृदयी'

राजनीति अस्थिरताबाट सुरु भएर अस्थिरताभित्रै रुमल्लिएर अस्थिरतामै टुङ्गिएको देखिन्छ । हाल स्वविघु निर्वाचनमा देखिइएको केही झडप, हिंसा वा अनाडीपनले भविष्यका नेताहरूमा उही स्कुलिङ बोध भएको देखिन्छ । युद्धको स्कुलिङले घर गरिरहेको छ । न्याय र आदर्शभन्दा बाहिरको अत्याचारी दाउपेचले हामी कता जाँदै छौँ भन्ने पनि लाग्छ । यद्यपि सबै अपशकुन मात्रै भएको होइन तर वर्तमान राजनीतिमा स्खलित सिद्धान्तको राग तल्लो तहमा पनि देखिन्छ । यही कुरा मुख्य विसङ्गतिको लप्को हो । विचार र व्यवहारको स्पष्टता नहुनुले भोलिको नेतृत्व कसैका प्रतिष्ठा बनिदिने अनि कसैको भरिया नै बनिरहने त होइनन् ? वर्ग सिद्धान्त र व्यवहारलाई हाम्रो माटोमैत्री बनाउन नसकिएका विषयमा समाजवादका नारा उगेल्नेहरूले बोध गर्नुपर्छ । किनभने पदीय लिप्सामा जुको भएर गाई हुँ भन्न सुहाउँदैन ।

नवीन उम्मेदवारलाई आफ्नो उत्तराधिकारी बनाउँदै गर्दा आफूजस्तै हुनुपर्ने भाष्य भिराउनु अपराध हो । समय धेरै अघि दौडिसकेको सत्यलाई कृपया धोका नदिइयोस् । अहिले विज्ञान, चेतना र व्यवहारमा समेत भूस्थानीयकरण (विश्वव्यापीकरण र स्थानीयकरणको मिश्रण)को चिन्तन अघि बढिसकेको कुरामा हेक्का हुनुपर्छ ।

अस्थिरताको अभ्यास र अनुसरण

एउटा नेताको गल्ती वा इगोका कारण लाखौं कार्यकर्ता अनि करोडौं जनताको भाग्य र भविष्यमा ठेस पुग्छ । गुटको खेतीको परिणाम सक्दो द्वन्द्व मच्चाएपछि कि त वार्ता गरेर मिल्नु हो कि त विभाजनको रमिता देखाएर अल्झाउनु हो । मिलिहाले पनि तन मिलेर मन नमिले त्यो देखाउने दाँत र चपाउने दाँतको अन्तरमा देश र जनता नै पछि पर्छ । युद्ध, झगडा, द्वन्द्व गरे पनि वा हडताल, बन्द वा आतङ्क भए पनि नेतालाई ठूलो सुरक्षा घेरा हुन्छ । जनता नै लड्ने हुन् । नेताले मरेदेखि विघ्नै भए श्रद्धाञ्जलि भनिदेलान् । अन्ततः वार्ता र संवादबाटै निष्कर्ष खोज्नुपर्ने मानवीय धर्म अपनाउनै पर्छ ।

पेटमा दाह्रा हुनेले मुखमा लिपस्टिक, पाउडर वा श्रीखण्ड लाए पनि भुसको आगो पुत्पुत धुवाँइरहन्छ । मूलतः भुइँमान्छेलाई त्यही अस्थिर ताको चपेटाभित्र राखेर सङ्गठन विस्तारका नाममा, भोटका नाममा या त अन्य कुनै बहाना खोजेर उपभोग गरिन्छ । दूरदराजले केन्द्रको राजनीतिलाई गुरु मान्ने कुसंस्कारका कारण भुइँको टिप्न खोज्दा पोल्टोको खस्न पुग्छ । आफ्नै स्थानको विकासमा समेत एकता नहुने कस्तो अचम्मको हाम्रो मानसिकता ?

वर्तमान नेपाली राजनीतिमा सत्ता चलायमानको स्थिति नहुँदा विकासको मार्ग र मानवीय संवेदनामा ठूलो क्षति भइरहेको छ । सानो देश नेपालले ठूलो समस्यालाई विगतबाटै सुल्झाउन सकेन । तानाशाह, प्रजातन्त्रमा अस्थिरता र अप्ठ्यारा, पञ्चायती शासन, विभिन्न आन्दोलन र अप्ठ्याराहरू, बहुदलीय योजनामा पनि विमतिकै चक्करमा अडिएको गुटबन्दीको लप्काले मुलुक अन्योलै अन्योलमा छ । गणतान्त्रिक सोचभित्र पनि दलगत सत्ता स्वार्थकै सोचसम्म हामीले भुलेको एउटै विषय हो- जमिन, जल, जनशक्ति, जङ्गल र जडीबुटीबारे अहम् योजनाको अभाव । नेतृत्वले संसद्बाटै योजना तय नगर्नु अनि कार्यान्वयनमा कर्मचारीतन्त्रको घुसखोरी प्रवृत्तिले ढिलासुस्ती र अड्को थापिरहनु अझै जटिल समस्या रहेछ ।

बेथिति खुलेआम स्थापित भयो !

नेपाली राजनीतिले अहिले सिद्धान्तको आडमा जनतालाई बौद्धिक भ्रष्टाचार गरिरहेको छ । अवसरका लागि पछि लाग्ने, राजनीति र सिद्धान्तका कुराभन्दा बढी कुर्सीको कुरा बुझ्ने मान्छेलाई होहल्लाले नै डोऱ्याएको छ । कुरा विकासको तर काम ओहोदामुखी महत्त्वाकाङ्क्षाको हुने रहेछ । ठूला योजनाले गति नलिएसम्म परिवर्तनको आभास हुन गाह्रो हुन्छ । विपन्न देशमा एउटा जनता नबुझी समर्थन वा विरोध गर्छ, एउटा लहैलहैमा लाग्छ अनि एउटाचाहिँ बुझ्छ तर स्वार्थको पोयोलाई समात्छ । गुलामी प्रवृत्तिमा लिप्त शैली नसुध्रिनु जनताको बाध्यता र पुरानो आदतको अनुसरण दुवै हो ।

हामी त श्रम बेच्नेभन्दा सपना बेच्नुमा बढी विश्वास गर्छौं । सहरमुखी विकास र सहरकै समृद्धि नियाल्नमा मग्न भइदिन्छौं । परिणामतः विकासको गति अहिले पनि एकखाँधे भइरहँदा यहाँ करोडपति र रोडपतिको खाडल ज्युँकात्युँ हस्तान्तरण भइरहेकै छ । तब 'पैसा कहाँ कमिन्छ' भन्दा 'विदेशमा' भन्ने विकल्प नै युवा पुस्तको दिमागमा गढेर बस्न पुग्यो । गरिबीको मुख्य कारण नै राज्यको बेथिति र अल्प फाइदे स्वार्थी चक्करको कुरीति हो । अहिले त समाजवादका आडमा भोट माग्ने र नवसामन्त शैली अपनाउने एक्खाले नजिर स्थापित छ । सहरियाहरूले गाउँका पीडा बुझ्न चुनावै आउनुपर्ने वा सत्तामा भूमिकाबाहिर हुनु नपर्ने रहेछ भन्ने देखियो । घोषणापत्रका वाचा पनि चुनावदेखि चुनावसम्मका लागि मात्रै भए । विकास भनेको ताक परे तिवारी नत्र गोतामे भयो । दोष अर्कालाई दिने अनि आफूचाहिँ चोखिइरहने 'गालीवाद' र 'दोषारोपणवाद'को घिनलाग्दो शैलीले समाजवाद साँच्चै सहरिया बनिसकेको छ ।

'राजनीति नगरे काम छैन' भन्ने भाष्य नै भयानक भयो !

बजारमा होहल्ला गरेर लहडी व्याख्यामा लहसिने स्वार्थभित्र हाम्रो नेपाली राजनीति अल्मलिएको छ । वास्तवमा मार्क्सवादी मान्यताको समाजवादलाई संविधानका पानामा धेरै राम्रोसँग बोले पनि पछिल्लो राजनीति त्यतातिर पटक्कै छैन । साम्यवाद र समाजवादको घुलन त टाठाबाठाका बुद्धिविलास मात्रै हुन् । क्षमता र योग्यताभन्दा चाकडी र गुलामीपनको बढोत्तरी गराउने शैलीको कूटनीतिमा हाम्रो राजनीति मोडिएको छ । फलतः क्षमतावान् मान्छे पनि स्वार्थका लागि भन्दै उही गुलामीमा लम्पसार हुँदा तिनको बौद्धिकता देशका लागि खर्च भएन । उही राजनीतिक चक्रको दलदलमा भासियो । परिणामतः सबैले दलदललाई मात्रै साथ दिए अनि थाहा भएरै, बुझेरै 'राजनीति नगरे काम छैन' भन्ने भावना जन्मियो र सबैमा यही साझा सिद्धान्त बनेर मज्जासँग मौलायो । यसै मैदानमा हामी सबै यतिखेर घुमिरहेका छौं । यसमा खलनायक देखिँदैन तर हार्नेको मात्रा बढी छ । हामी नेपाली यतिखेर विचार र व्यवहारको सङ्क्रमणकालीन अवस्थाको स्तरमै रुमल्लिरहेका छौं । अतः व्यावहारिक विकासवाद अबको आवश्यकता हो ।

रोडमुनि सुत्नेका लागि केको समाजवाद ?

राजनीतिलाई फोहोरी खेल भनिनुको मूल कारण गुटतन्त्रको स्वार्थवाद नै हो । जनताले त गुण र दोषको पहिचान गर्न नजान्नु र नचाहनु समस्या हो । गलत कर्ममा लहसिनेले पनि एउटा भीड पाइरहने पद्धति हावी भयो । वास्तवमा अब त एउटा शान्तिपूर्ण क्रान्तिको खाँचो बढ्यो । यसमा बौद्धिक जगत्ले राजनीतिक बागडोरमा छाता बनेर नियन्त्रण र निर्देशन गर्न सक्नुपर्छ । यो अद्यापि शान्तिपूर्ण ढाँचाबाट मात्रै सम्भव छ ।

अर्को, सञ्चार जगत्को स्वच्छता हो । यसमा मापदण्ड र तह स्पष्ट हुनुपर्छ जसले सामान्य वर्गलाई उकास्न माथिल्ला वर्गलाई नदबाए पनि मुलुकमा द्रुत परिवर्तन सम्भव हुन सक्छ । यसमा समर्थन ज्यादा र विरोध न्यून हुन्छ । यसको अर्थ गुटलाई साथ नदिने तर विकासमा सधैँ एक बन्ने हो । न्यायको संस्कार बसाउने हो । यसले सानो ठूलोको पदीय लालसाको चक्करलाई तोड्नुपर्छ ।

कसैले कसैको सरसामान चोर्नु, लुट्नु उसको मात्रै दोष होइन । यसमा गरिबी, बाध्यता, रहरको बेमेल, बेरोजगार स्थिति वा राजनीतिक दादागिरीमा सामेल हुन नसक्नु जस्ता कारण हुन सक्लान् । नेपालमा अहिले अमूर्त र अपरिभाषित दूषित समाजवादले काम गरिरहेको छ । अलिकति समाजवाद अलिकति तानाशाहको प्रभुत्व । बाहिर समाजवाद तर भित्र स्वार्थको घनचक्कर । यसको अर्थ राजनीतिमा जबसम्म तल्ला तहका मानिसमा वितृष्णा र अभाव भइरहन्छ. गुफामा, रोडमा, पुलमुनि मान्छे मागेर, ढुकेर, लुटेर खान विवश हुन्छ भने त्यहाँ समाजवाद सम्भव छैन । दशकौं बित्दा पनि सहरमा चिल्ला गाडीमा हुइँकिनेले दूर दराजको साँझबिहानको चुलो बाल्नुपर्ने बाध्यतालाई बुझ्न सकेन ।

समानताका नाममा विकसित चरम विभेदलाई पनि हेर्ने कि !

वास्तवमा वाद, सिद्धान्त, नियम, नीतिका कुरा किताबका पानामा अडिने गणेश थापना गरिएका विषय मात्रै हुन् । व्यवहार र नैतिकता भनेको भावना नै हो । चिन्तन र चेतना हो । विवेक र बौद्धिकताको सदुपयोग हो किनकि सबै दर्शन र सिद्धान्त समाजद्वारा बन्धित हुन्छन् । समाज भनेको व्यक्तिको समूह हो, जो भावनामा चल्छ । यसर्थ पनि जातवाद, बिचौलियावाद, माफियातन्त्र, नश्लवाद, तरमारा वर्गदेखि एउटा धर्मको विषय बोकेर हिँडेसम्म पनि त्यहाँ कतै न कतै विभेद हुन्छ नै ।

भ्रष्टाचार, अत्याचार, न्यायालयको हुर्मत किन हुन्छ ? समूहमा बस्ने, पदमा पुग्ने वा हुकुम चलाउने हैसियत भएकाहरूले कि समूहबाट शक्ति आर्जन गर्छन् या त कूटनीतिबाट आफूलाई जोगाउँछन् । तिनका शक्ति नै अन्धभक्त गुलामी भजनमण्डलीहरू हुन् । त्यसमा पनि पूरा नबुझ्ने र अल्पज्ञानमा नेती बनेर मदानीलाई घिउ खुवाउने पात्रहरू यसमा सामेल हुन्छन् । जब रोष, प्रतिशोध र हिंसाको पट्टी बाँध्नेहरूमा केवल आलोचना गर्ने क्षमता हुन्छ । बाध्यता पनि हुन्छ अनि समालोचना गर्ने तहमा पुगे पनि ट्याग लागिसकेपछि झुटोलाई पनि कर्तव्य सम्झेर अपनाउनुपर्ने स्थिति बनिदिन्छ ।

हालको राजनीतिमा महाभारतकालीन भीष्मपितामहको प्रतिज्ञा अनि आफू कुन्तीकै जेठो सन्तान भएको थाहा पाउने कर्णले असत्य (कौरव)लाई बोके जस्तो सत्ताजुहारीले सबै भयो तर विकास हुन सकेन । सत्तामा पुग्न र प्रतिज्ञा बोक्नबाहेक न्याय र सत्य समात्नलाई चाहिँ कसैले पनि चाहेन र मानेन पनि ।

पछिल्लो राजनीतिले मान्छे जन्माएन, जनता जन्माएन तर कार्यकर्ता र बेकामे गफाडी नेताहरूको झुन्डको विकास गरायो । शक्तिलाई दुरुपयोग गरेर सानालाई ऐन र ठूलालाई चैन भइरहने खाडलको सिर्जना गरिदियो । यसो भएसम्म मानिस फासीवादकै शरणमा जाकिन्छ । किनभने हामी श्रम र श्रम बजारको सम्बन्धमा सधैँ कमजोर छौं । गाउँलेहरू सहरतिर र सहरियाहरू विदेशतिर होमिने प्रथामा हामी होमिएका छौं । यसमा ग्रामीणीकरण, लघु उद्योग, लघुकारखना, सूक्ष्म बजारको मूल्यमा बढोत्तरी, माटो सुहाउँदो खेतीमा जागरुक गराउने योजना हुँदो हो त देश र नागरिक दुवै आर्थिक उन्नतिमा आफैँ जुट्न सक्छ ।

'शिक्षा र स्वास्थ्य निःशुल्क हुनुपर्छ'

निःशुल्क शिक्षा र निःशुल्क स्वास्थ्य सेवासँगै कृषि र रोजगारका योजना गाँसिने हो भने अन्य सबै विकासका बाटा फराकिला हुन्छन् । देश गरिब पनि हुँदैन र जनतामा निराशा तथा पीडामा विशेष सुधार सम्भव पनि हुन्छ । तब समृद्धिका सपनाले व्यावहारिक आकार पाउने सम्भाव्यता बढ्ला । मानिसले स्वच्छ र स्वस्थ खाना खान पाउनु तिनको आवश्यकता हो रहर होइन । यो मानवीय विषयमा समेत सरकार अनाडि हुनु विडम्बनाको पराकाष्टा नै हो । यसर्थ विपद् व्यवस्थापन, बस्ती व्यवस्थापन, नमुना बस्ती निर्माण, शिक्षा र स्वास्थ्यलाई सरकारी मातहतमुखी बनाउनेजस्ता कार्यमा सामाजिक सरोकारवालाको हक बढी हुनु आवश्यक देखिन्छ । यसमा कमाउधन्दाले उब्जाउने घुसखोरीतिर उन्मुख संस्थाभन्दा अपनत्वको भावले स्थान पाउने विषय सबैभन्दा ठूलो कुरा हो । भावनात्मक पक्ष र नाफाखोरीका बीचमा अन्तर केलाउनु असल राज्यको दायित्व हो । यसर्थ घुसखोरी प्रवृत्तिको नियन्त्रणमा समाज र सरकारको सहभागिता हुनुपर्छ ।

विकास र समृद्धिमा केही मात्रामा नेपाली सेनाको सहभागिता रहनु सान्दर्भिक देखिन्छ । विकास निर्माणमा ढिलासुस्ती गर्ने र अल्झाएर राख्ने ठेकेदारबाट कारबाहीको संयन्त्र बलियो हुनु आवश्यक छ । तथापि राम्रो गर्नेलाई सम्मान गर्न नजान्नु पनि समस्या नै हो । कामको मूल्याङ्कनका विषयमा आग्रह र पूर्वाग्रहको शैलीबाट मुक्त हुने गरी कडा शासनको व्यवस्था हुनुपर्छ । फितलो र झन्झटिलो कानुनी प्रक्रियाका कारण विकासका काममा बाधा पुऱ्याउने तह, तप्का र निकायसँग उपभोक्ता वा सरोकारले प्रतिवाद गर्न सक्दैन । बरु उपभोक्ताहरू त पर्ख र हेरमा आसे बन्छन् । कर्मठलाई त पेट र निष्ठाकै भय हुन्छ । ठेकेदारको बदमासीका विषयमा सरकार सधैँ कमजोर देखिन्छ । परिणामतः विकासको गतिमा बाधा बढिरहेकै छ । यसर्थ प्रजातान्त्रिक व्यवस्था र कडाइ गरिने क्षेत्रको तहलाई सैनिक नियमले जसरी बाँध्नु पनि पर्छ । व्यावहारिक विकासवादी पद्धतिलाई चुस्तदुरुस्त राख्न सक्नुपर्छ ।

समृद्धिका लागि अब शिक्षा र स्वास्थ्यमा निजीकरणलाई भन्दा सरकारी गुणस्तर विकासमा आम सरोकारवाला लागौं । गुणस्तरीय सम्पादन पद्धतिमा दण्ड र पुरस्कारको सबल नीति बनाऔं । हो, गुणस्तरीय विकासमा निजीकरणले बढी भूमिका खेलेको छ तर जनताको स्तरलाई वर्गीय खाडलमा जाक्ने काम पनि भइरहेको छ । फलतः अर्को पुस्ता पनि वर्गीय खाडलभित्र फस्ने भय जन्मिरहन्छ । हाम्रो देशमा त नेपालीपन मिसिएको समाजवाद आवश्यक छ । यसमा विकास हुँदा समाजको न्याय र मानवताको सम्बन्धको विनाश हुनु हुँदैन । यदि यस विषयलाई पनि यथास्थितिवाद भन्यौं भने नेपालीपनको समाजवाद धराशायी बन्छ अर्थात् हामीले हाम्रो नेपालीपनको समाजवादलाई सोचेनौं भने त्यो भोलिको पुस्ताका लागि पनि ठूलो भूल हुन सक्छ । मूलतः एसिया महादेशभित्रका नेपालजस्ता मुलुकले मौजुदा युवा पुस्ताको दक्षतालाई उपयोग गर्ने हो भने मात्रै व्यावहारिक विकासवाद तर्फको समृद्धि यात्रालाई पक्रन सक्ने देखिन्छ ।

(साभारः रातोपाटी)

किन हुन्छ प्रचण्डको आलोचना ?

किरण थापा 'अमोद'

सर्वोच्च अदालतले प्रचण्डलाई पक्राउ गरी अनुसन्धान गर्न माग गरिएको रिट निवेदन दर्ता गरेसँगै कोण प्रतिकोणबाट बहस चलिरहेका छन् । सर्वोच्चमा विचाराधीन रहेको उक्त मुद्दाबारे विधिशास्त्रीय व्यवस्था र मान्यताका आधारमा अन्तिम टुङ्गो लाग्ला नै ।

प्रचण्ड कम्युनिष्ट विद्रोहबाट आएका नेता हुन्। 'जनयुद्ध'को तयारी, 'जनयुद्ध' र यसपछिका उनका वैचारिकी हेर्दा उनको चिन्तनमा उतारचढाव देखिन्छ। 'जनयुद्ध' तयारीको चरणमा उनी नेपाली कांग्रेसको उदारवादी प्रजातान्त्रिक विचार, उदीयमान नेता मदन भण्डारी र उनीहरूले व्याख्या गर्ने जबज, पुनरुत्थानवादी राजावादी (पञ्चायती) शक्तिसँग वैचारिक सैर्ष गरे ।

मार्क्सवाद, लेनिनवाद र माओवाद (मालेमावाद)लाई मार्गनिर्देशक सिद्धान्त स्वीकार गर्दा उनको कदम एक भावुक विद्रोहीको रूपमा देखिन्छ। 'जनयुद्ध'को क्रममा चलेका वैचारिक बहसहरूले उनलाई व्यावहारिक र कुटिल नेताका रूपमा परिचित गरायो भने 'जनयुद्ध'पछि एक संसदीय खेलाडीका रूपमा ।

नेपालका कम्युनिष्टहरू आफू बाहेक अरूलाई असली कम्युनिष्ट देख्दैनन्, तर कम्युनिष्ट विचारधाराभन्दा बाहिरका सबैका लागि उनीहरू समान दुस्मन हुन्। उनीहरू कम्युनिष्टहरूको अस्तित्व यस संसारमा नहोस् भन्ने चाहन्छन्। नेपालमा कम्युनिष्ट विद्रोही नेता क्रान्ति र त्यसपछिका निर्वाचनमा लगातार विजयी हुनु उनीहरूको निदहराम हुने विषय हो ।

प्रचण्ड पछिल्ला केही दशकयता नेपाली राजनीतिको केन्द्रमा छन्। उनकै नेतृत्वमा गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समावेशीकरणको राजनीतिक आन्दोलन सञ्चालन भयो। यो राजनीतिक आन्दोलनले विद्रोह र जनआन्दोलनको वैधता मात्र होइन आधुनिक राजनीतिशास्त्रमा संविधान निर्माणको सबैभन्दा उन्नत विधि संविधानसभाको वैधता पनि प्राप्त गऱ्यो । शास्त्र, शस्त्र, नैतिक र जनबलले यो राजनीतिक आन्दोलन सफल भयो। सबै राजनीतिक शक्तिले रहर, कर, बाध्यताले यसलाई मान्यता दिए ।

माओवादी आन्दोलनले उठाएका सबै विषय पूरा भएका छैनन् । आफ्नै कमजोरीका कारण कैयौं मुद्दा माओवादीको राजनीतिक लगामबाट छुटे । मधेशी पहिचानको उठान गर्न माओवादीले ठूलो बलिदान गऱ्यो तर मधेशको संवेदनशीलता नबुझ्दा र युद्ध उन्मादी प्रवृत्ति हावी हुँदा ठूलो अवसर गुमायो । पहिचानसहितको संघीयताको मूल नारा बोकेर संविधानसभामा गएको माओवादीले एकातर्फ झन्डै ५० प्रतिशत जनमत गुमायो भने अर्कोतर्फ मुद्दाप्रतिको स्वामित्व गुमायो ।

शिक्षा र स्वास्थ्य जनताका आधारभूत विषय थिए। माओवादी पार्टीले पटकपटक शिक्षा र स्वास्थ्य मन्त्रालयको नेतृत्व गऱ्यो तर कुनै परिवर्तनको छनक देखिएन। माफियाको चङ्गुलमा परेको शिक्षा स्वास्थ्य मन्त्रालय छिरेका लाल कामरेडहरू रङ बदलेर छिर्केमिर्के भएर फर्के। विद्यार्थी, शिक्षक, प्राध्यापक सङ्गठनहरू पीए, जागिरे र भागबन्डा ढुकुवाभन्दा बढी हुन सकेनन् । किसान बुढा नेता थन्क्याउने थलो बन्यो, सुकुम्बासी भूमिहीनहरूको भरोसा बचेन । महिला सङ्गठन जुझारु रहेन ।

माओवादले उठाएका मुद्दा राता ब्यानरबाट गैससको नीलो ब्यानरले थाहै नपाई खोसिदियो । अनि आधारभूत वर्गले विश्वासघात भएको आशङ्का गरे । राजनीतिक मुद्दा रातो ब्यानरबाट नीलो ब्यानरमा पुग्दा धेरै विकृत भइसकेको छ । प्रचण्डमाथि आक्रमण हुँदा आफ्नैहरू अलमलमा परे, प्रतिवाद गरेनन् । आक्रमणकारीले प्रतिरोध र प्रत्याक्रमण सामना गर्नु परेन। उनीहरू हौसिए र निरन्तर आक्रमण जारी राखे । माओवादी पार्टीमा प्रचण्डको प्राधिकार स्थापित भयो । पार्टीमा प्रचण्ड दिने र अरू लिनेजस्ता भए। निर्णय, निर्णयप्रतिको उत्तरदायित्व र जवाफदेही सामूहिक भएन । पार्टीभित्रै नेतृत्वलाई दबाव दिएर लाभ लिने तर जवाफदेही नहुने प्रवृत्ति देखियो । बाहिरबाट हेर्दा सबै तर भित्रभित्र कोही पनि प्रचण्डको नहुने देखिए ।

पार्टी विभाजनपछि विभाजितहरूले आफ्ना जीवनका सारा सङ्गृहीत इच्छाहरूको बाधक र कारक प्रचण्ड हुन् जस्तो गरी भाष्य स्थापित गरिए । पार्टीभित्र र हिजोका सहकर्मीबाट आक्रमणको वातावरण तयार हुँदैगयो । प्रचण्डमाथिको आक्रमणको एउटा कारण माओवादी पार्टी र माओवादी आन्दोलनको शक्ति सैर्ष पनि हो ।

राज्य र समाजको मात्र होइन अदालत र सेनाको समेत लोकतन्त्रीकरण भन्ने प्रचण्ड आफ्नै पार्टीको लोकतन्त्रीकरण गर्न चुके । माओवादीले न त पार्टी जीवनका नोकरशाही प्रवृत्ति रोक्न सक्यो न त अराजकता नियन्त्रण गर्न सक्यो। पार्टी विभाजनका धेरै कारणमध्ये महत्वपूर्ण कारण यी पनि हुन् ।

माओवादी युद्ध समानता, स्वतन्त्रता, न्याय र बलिदानको आन्दोलन थियो । सामूहिकता र सरलता यसका सांस्कृतिक निधि थिए । यो महिला हिंसा, बहुविवाह, दलितमाथिको भेदभाव जस्ता सामाजिक-सांस्कृतिक विकृतिविरुद्ध थियो। त्यतिबेला श्रमप्रतिको सम्मान थियो । दलाली, कमिशनतन्त्र र भ्रष्टाचार विरुद्ध आन्दोलन केन्द्रित थियो । फलतः अथाह जनविश्वास प्राप्त भयो ।

अहिले यी सांस्कृतिक मूल्यहरू गुमेका छन् । आफैँले निर्माण गरेका नैतिक मानकहरूमा माओवादी फेल भएको छ । राजनीतिक शक्ति निर्माणको बलियो आधार नैतिकबल हो । नैतिक रूपमा माओवादी हारेको जुवाडे जस्तो भएको छ । शत्रुको कमजोर बिन्दुमा आक्रमण गर्नुपर्छ भन्ने प्रचण्डमाथि आक्रमण गर्नेले राम्रोसँग बुझेका छन् । फेसबुक वालपेपरमा जीपीएमजीको फोटो राखेर गुमेको साख फर्कदैन ।

जुनसुकै राजनीतिक व्यवस्था र सिद्धान्तको अन्तिम उद्देश्य जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन, न्यायको अनुभूति, सुरक्षित भविष्य हो । विकास र समृद्धि आम नागरिकको चाहना हो । पञ्चायती व्यवस्थामा विकासको मूल फुटाउने भनेर होस् कि २०४६ पछिका सरकारले विभिन्न नारा दिएर विकासको नारा जोडतोडले उठाए । जनताले आश्वासनका भतेर खाए तर समृद्धि कुन चरोको नाम हो थाहा भएन। माओवादीले नयाँ नेपाल बनाउने भन्दै पुरानै नारालाई रिब्रान्डिङ गरी बेच्यो । सुधारका सङ्केत देखिएन । नारा चर्का तर कार्यक्षमता कमजोर । यसबाट जनतामा चर्को निराशा सिर्जना भयो ।

शान्ति सम्झौताको ६ महिनामा सम्पन्न गर्नुपर्ने सत्य निरूपण तथा मेलमिलाप आयोग, संक्रमणकालीन न्याय र परिपूरणका काम अझै हुन नसक्नुले नेतृत्वको प्राथमिकता के थियो भन्ने प्रश्न उठेको छ। अहिले विद्रोही प्रमुख र राज्यपक्षको प्रमुख प्रचण्ड स्वयं हुन्। पीडितले न्यायको अनुभूति गर्न पाउनुपर्छ र राज्यले त्यसको भरपर्दो व्यवस्था गर्न सक्नुपर्छ ।

प्रचण्डले विद्रोही पक्ष वा राज्य पक्षको होइन 'जनयुद्ध'मा मारिएका, बेपत्ता पारिएका, घाइते, अपाङ्ग, विस्थापित, जेल, यातना भोगेका, सम्पत्ति गुमाएका सम्पूर्णको जिम्मेवारी लिनुपर्छ। यो काम अपेक्षाकृत रूपमा अघि नबढ्नुमा प्रचण्डको पनि दोष छ । तर उनी मात्र एक्ला दोषी भने होइनन् । पुरानो घाउ कोट्याएर स्वार्थको रोटी सेक्ने र द्वन्द्वको नयाँ ब्याडको सृजना गर्न खोज्नेहरूलाई अब समय र ठाउँ दिनुहुँदैन । आम निर्वाचन २०७९ ले आजको नेपाली कांग्रेस र एमालेलाई प्रमुख शक्ति र माओवादी पार्टीलाई सहायक शक्तिमा स्थापित गरिदियो ।

बाँकी पृष्ठ-३ मा...

राष्ट्रपतिले थाले टिम निर्माणको तयारी, को-को छन् सम्भावित अनुहार ?

काठमाडौं/नीति सिद्धान्तका कुरामा दिलचस्पी राख्ने थोरै नेतामध्ये पर्छन्, रामचन्द्र पौडेल । २५ फागुनमा राष्ट्रपति चुनिएसँगै उनले भनेका थिए, 'नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन, स्वाधीनताको रक्षा, संविधानको पालना र संरक्षण गर्ने संवैधानिक जिम्मेवारी नै मेरा मार्गनिर्देशक सिद्धान्त रहनेछन् ।'

देशको सर्वोच्च पदमा पुगेका पौडेलको पदको कार्यभार तथा संवैधानिक सीमाबाट दायाँ-बायाँ नगर्ने वास्तविक परीक्षा सोमबारबाट सुरु भएको छ । संवैधानिक दायराबाट पर नजाने प्रतिबद्धता पौडेलले १३ फागुनमा राष्ट्रपतिको उम्मेदवारी दर्तादिखि नै गर्दै आएका छन् ।

'राष्ट्रपति-संस्था'ले निर्वाह गर्ने भूमिकाले संविधान र शासन व्यवस्थाको अभ्यास प्रभावित हुनेमा सचेत रही निर्दिष्ट कार्यसम्पादन गर्दा निष्पक्षता, तटस्थता तथा विधिको पालनामा प्रतिबद्ध रहने प्रण गर्दछु', राष्ट्रपति पौडेलले प्रतिबद्धता गरेका छन् ।

पौडेलले औपचारिक रूपमा पदीय भूमिका सोमबारबाट सुरु गरेका छन् । शीतल निवासमा सोमबारबाट मात्रै प्रवेश गरेकाले उनीमाथि भूमिकालाई लिएर प्रश्न उठ्ने अवस्था छैन । तथापि, औपचारिक पद ग्रहण गर्नुअघि उनले मठ-मन्दिरको भ्रमण गर्दा बेला भएको सवारी अव्यवस्थामाथि प्रश्न उठेको थियो ।

राष्ट्रपति निर्वाचित हुने दिन २५ फागुनमा नागरिकलाई सास्ती नदिने उनको वचन भोलिपल्ट आंशिक रूपमा कार्यान्वयन भएको थियो । पशुपतिको दर्शन गर्न जाने क्रममा मन्दिर वरपरको सडक खाली बनाइएको भन्दै उनको आलोचना समेत भएको थियो ।

शपथ ग्रहण अघि राष्ट्रपति पौडेल पशुपतिनाथ, स्वयम्भू, पुष्पलाल पार्क, भट्टराई आश्रम बाँडेगाउँ, बीपी संग्रहालय सुन्दरीजलनगायत स्थानमा पुगेका थिए । नागरिकले राष्ट्राध्यक्षको रूपमा राष्ट्रपतिलाई देख्न चाहेको कांग्रेस महामन्त्री गगन थापा बताउँछन् । 'हामीले राजाकै हैसियतमा राष्ट्रपति खोज्न भएन' महामन्त्री थापा भन्छन्, 'सवारी गरिबबसने, भुजा ज्युनार गरिबबसने राष्ट्रपति होइन । जनताको राष्ट्रपति देख्न चाहेका हौं ।'

राष्ट्रपति पौडेलले कायममुकायम प्रधानन्यायाधीश हरि कृष्ण कार्कीसँग सोमबार शपथ लिए । शपथ ग्रहण समारोहमा राष्ट्रपति पौडेलले जेल जीवन सँगै कटाएका पुराना हितैपीहरूलाई आमन्त्रण गरेका थिए । १४ वर्षे जेल जीवनमा आफूसँगै राजनीतिक बन्दीका रूपमा रहेका इन्दु शर्मा, गोविन्द कँडेल, रघुपति शर्मालाई पौडेलले शीतलनिवास डाकेका थिए ।

पौडेलले जेल बस्दा उनका लागि दूध ल्याइदिनेलाई समेत स्मरण गरेर निमन्त्रणा गरेका छन् । बागलुङ जेलमा रहँदा पौडेलका लागि हरेक दिन दूध ल्याइदिने डिलप्रसाद सापकोटा (सापकोटा बाजे) लाई जिल्लाबाट काठमाडौं बोलाएका थिए । तर उनी शपथ समारोहमा उपस्थित हुन सकेनन् ।

'राष्ट्रपतिले बोलाउनु भएको थियो, म घरायसी कामले आउन पाइनँ' बागलुङबाट टेलिफोनमा उनले भने, 'अर्को हप्ता आएर भेट्छु ।' शपथ ग्रहणसँगै शीतलनिवासको बसाइ सुरु गरेका पौडेलले आफ्नो सचिवालयको तयारी समेत गरेका छन् । पौडेलले केही व्यक्तिलाई१/२ दिनमै औपचारिक रूपमा नियुक्ति दिने तयारी गरेका छन् । राष्ट्रपति निकट स्रोतका अनुसार पौडेलले बाबुराम कुँवर, विनोद भट्टराई, चिरञ्जीवी अधिकारी, खिला काकी लगायतलाई प्रारम्भिक चरणमा नियुक्ति दिने तयारी गरेका छन् ।

कुँवर गण्डकी प्रदेशका पूर्व प्रमुख तथा पूर्व न्यायाधिवक्ता हुन् । कानुनी सल्लाहकारको भूमिका कुँवरले प्राप्त गर्ने कांग्रेस नेताको दाबी छ । अर्घाखाँचीका कुँवर २०७४ को माघमा गण्डकीको प्रदेश प्रमुख बनेका थिए । वरिष्ठ अधिवक्ता कुँवर पृथ्वीनारायण क्याम्पस पोखरामा कानुन विषयको पहिलो व्याचका विद्यार्थी हुन् ।

पृथ्वीनारायण क्याम्पसमा २०३४/३५ सालमा कानुन विषय पढेका कुँवरले झन्डै ३० वर्ष वकालत गरे । कांग्रेस पूर्व सभापति सुशील कोइराला प्रधानमन्त्री हुँदा महान्यायाधिवक्ता बनेका कुँवर कांग्रेसनिकट कानुन व्यवसायीको छाता संगठन डेमोक्रेटिक लयर्स एशोसिएसनका पूर्वअध्यक्ष समेत हुन् ।

राष्ट्रपति पौडेलले शीतलनिवासमा आफ्नो सचिवालयमा राख्न चाहेका विनोद भट्टराई कांग्रेसका पूर्व सभापति कृष्णप्रसाद भट्टराईका भतिजा हुन् । पूर्व सभापति भट्टराईका दाजु गोपाल भट्टराईका पुत्र विनोदलाई शीतलनिवासमा कुनै जिम्मेवारी प्रदान गर्ने राष्ट्रपति निकटका व्यक्तिको दाबी छ ।

उनका अनुसार राष्ट्रपतिमा निर्वाचित भइसकेपछि पौडेलले भट्टराईलाई बोलाएर दुई पटक भेटिसकेका छन् । भट्टराई विगतमा शिक्षण पेशामा आवद्ध थिए । 'किसुनजीका भतिजालाई राष्ट्रपति कार्यालयमा कहीं न कहीं जिम्मेवारी दिने कुरा छ', राष्ट्रपति निकट स्रोतको दाबी छ ।

पौडेलको स्वकीय सचिवको रूपमा विगतदेखि कार्य गर्दै आएका चिरञ्जीवी अधिकारीलाई सोही पदमा निरन्तरता दिने तयारीमा राष्ट्रपति छन् । प्रेस युनियनको राजनीतिबाट हाल अलग रहेका खिला काकीले प्रेस संयोजन गर्ने गरी नियुक्ति पाउने सम्भावना रहेको छ ।

विज्ञकै रूपमा राष्ट्रपति कार्यालयमा फरक-फरक क्षेत्रका सात जनाले नियुक्ति पाउन सक्नेछन् । निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले विज्ञसहित ९७ जनालाई विभिन्न पदमा नियुक्त गरेकी थिइन् ।

राष्ट्रपति पौडेलले तत्कालका लागि सीमित व्यक्तिलाई नियुक्त गर्ने उनी निकट व्यक्तिहरूको दाबी छ । 'तत्काला लागि १०/११ जनाको टोली राष्ट्रपतिको कार्यलाई सहज बनाउन नियुक्त हुनेछन्' राष्ट्रपति निकट स्रोतले भन्यो ।

(अनलाइनखबरबाट)

'नाईं नभन्नू ल ६'को गीतमा आशिर्वाद र आँचलको प्रेमभाव

काठमाडौं/विकासराज आचार्यद्वारा निर्देशित फिल्म 'नाईं नभन्नू ल ६'को पहिलो गीत सार्वजनिक गरिएको छ । सोमबार युट्युब रिलिज भएको 'दिउँला माया' बोलको रोमान्टिक थिमको गीतमा फिल्मका प्रमुख डेब्यू अभिनेता आशिर्वाद क्षेत्री र अभिनेत्री आँचल शर्मा फिचर्ड छन् । गीतले यी दुईको प्रेमभाव बोल्छ । गीतमार्फत् आँचलले निभाएको चरित्रलाई गायनप्रति रुचि रहेको बुझाउन खोजिएको छ ।

शरद शंकर र बेनिशा पौडेलको युगल स्वर रहेको गीतमा निर्देशक आचार्य स्वयंको शब्द र गायक शंकरको संगीत छ । 'नाईं नभन्नू ल'का सिरिज गीतमा अब्बल मानिन्छन् । 'बालापनको उमेर', 'मर्ने कसैलाई रहर हुँदैन', 'तिम्रो आँखामा आँखा जुधाई', 'मैना राजा मैना रानी', 'यी आँखामा तिमी छौं' जस्ता यी सिरिजका चर्चित गीतहरु हुन् । 'दिउँला माया'को पनि अडियो पक्ष बलियो देखिन्छ ।

नयाँ वर्षको अवसर पारेर आगामी बैशाख १ गतेबाट प्रदर्शन हुन लागेको फिल्ममा आशिर्वाद र आँचलसँगै केकी अधिकारी, प्रियंका कार्की, सरोज खनाल, निखिल उप्रेतीका छोरा अर्थवको पनि मुख्य भूमिका छ । 'नाईं नभन्नू ल' सिरिजको पर्यायफै बनेका अनुभव रेग्मी भने यसमा केमियो भूमिकामा छन् । फिल्मलाई निर्देशक आचार्य, सामीप्याराज तिमल्सिना र अरुणदेव जोशीले लेखेका हुन् ।

आइयान फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्मको निर्मातामा विकासराज आचार्य र विष्णुमणि दाहाल छन् भने सञ्जय न्यौपाने, रमेश चौधरी, पुरुषोत्तम प्रधान कार्यकारी निर्मातामा छन् । फिल्ममा हिमाल केसीको द्वन्द्व निर्देशन, पुरुषोत्तम प्रधानको छायांकन, सन्देश शाहको सम्पादन, एलिस कार्कीको ब्याकग्राउन्ड स्कोर, कविराज गहतराज र मनोज विश्वकर्माको कोरियोग्राफी रहेको छ ।

'ए साथी सुन'को रिलिज सच्यो, टिजरमा डराएकी वर्षा

काठमाडौं/राम राघव आचार्य लिखित तथा निर्देशित फिल्म 'ए साथी सुन'को प्रदर्शन मिति परिवर्तन भएको छ । आइतबार टिजर सार्वजनिक गर्दै आगामी वर्षको जेठ ५ गतेलाई नयाँ प्रदर्शन मिति घोषणा गरिएको हो । यसअघि आगामी चैत १० लाई प्रदर्शन मिति तोकिएको थियो । धेरै प्राविधिक काम नसकिएको र प्रचारका लागि पनि समय नपुगेकाले प्रदर्शन हेरफेर गरिएको निर्देशक आचार्यले बताए ।

१ मिनेट ९ सेकेन्डको टिजर उडिरहेको चिलबाट सुरु छ । त्यसपछि एक युवतीलाई बन्धक बनाइएको दृश्य छ, जसको पृष्ठभूमिमा एक पुरुष पात्रले गीत गाएको सुनिन्छ, जुन डर पैदा गराउने भावको छ । यही दृश्यले फिल्म थ्रिलर कथावस्तुमा बनेको बुझाउँछ । जंगलभित्र एक नकाबधारी पात्रले वर्षा सिवाकोटीलाई घिसारेको र खाल्टोमा पुरेको दृश्यले फिल्मप्रति कौतुहलता जगाउन सक्छ ।

फिल्ममा रमेश बानियाँ, आयन खड्का, सुशिल पोखरेल, जयनन्द लामा, रमेश अधिकारी, बिमला गिरीको पनि अभिनय छ । बाल कलाकारमा कृष्णा खड्का र इभान सन्जेल रहेका छन् । इभान इन्टरटेनमेन्टको प्रस्तुतिमा निर्माण भएको फिल्मको निर्माता बीना कार्की र सन्तोष कुमार राई हुन् । त्यस्तै, सह-निर्मातामा पोखराका सञ्चारकर्मी तथा चियादानीका सञ्चालक सुदीप पौडेल छन् ।

फिल्ममा मानकृष्ण महर्जनको छायांकन, कुमार महर्जनको द्वन्द्व, दीर्घ खड्का र मिराज अर्यालको सम्पादन, रामजी लामिछानेको नृत्य निर्देशन, राजेन्द्र मोक्तानको कलर, दिनेश विष्टको भिएफएक्स र भरत कँडेलको साइन्ड डिजाइन छ । फिल्मलाई देशभर वितरण गर्ने जिम्मा रोहित रत्नको आरआर फिल्मसले लिएको छ । टिजर हेर्दा फिल्ममा वर्षाको भूमिका सशक्त हुनसक्ने देखिन्छ ।

त्रिवि केन्द्रीय क्याम्पसको स्ववियु अध्यक्षमा १२ जना उम्मेदवारी कायम

काठमाडौं/त्रिभुवन विश्व विद्यालय केन्द्रीय क्याम्पसको स्ववियु सभापतिमा १२ जनाको उम्मेदवारी कायम भएको छ । निर्वाचन समितिले सोमबार सार्वजनिक गरेको उम्मेदवारको अन्तिम नामावली अनुसार विभिन्न विद्यार्थी संगठनबाट ९ जना र स्वतन्त्र उम्मेदवार ३ गरी १२ जनाको उम्मेदवारी कायम भएको हो ।

अध्यक्ष पदमा उम्मेदवारी दिएका स्वतन्त्र उम्मेदवार रुमकान्त केसी र क्रान्तिकारी विद्यार्थी आन्दोलनको तर्फबाट उम्मेदवारी दिएका विक्रम केसीले भने फिर्ता लिएका छन् । सोमबार बिहान ११ बजेदेखि १ बजेभित्र उम्मेदवारको नाम फिर्ताको समय तोकिएको थियो । उक्त समयभित्र दुई जनाले मात्रै उम्मेदवारी फिर्ता लिएको निर्वाचन अधिकृत प्रा.रमेश श्रेष्ठले जानकारी दिए ।

चैत ५ गते हुने स्ववियु निर्वाचनको लागि त्रिभुवन विश्वविद्यालय विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा विभिन्न पदको लागि प्रत्यक्षतर्फ ६२ जनाको उम्मेदवारी कायम भएको छ ।

अध्यक्ष पदमा नेपाल क्रान्तिकारी विद्यार्थी संघबाट प्रविन लाखाजु, अनेरास्ववियूबाट प्रकाश विष्ट, स्वतन्त्र विद्यार्थी समूहबाट अर्जुन बगाले, नेविसंघबाट श्यामराज ओझा, अखिल (क्रान्तिकारी) बाट विपिन विक, अनेरास्ववियूबाट समीर गौतम, अखिल क्रान्तिकारी विप्लवबाट मदन केसी, नेपाल स्वतन्त्र विद्यार्थी समाजबाट विष्णुबहादुर बडैला, अखिल क्रान्तिकारी संयुक्तबाट प्रबल भण्डारी उम्मेदवार बनेका छन् । त्यस्तै दीपकराज जोशी, ललितजन रावल, मिलन बस्नेतले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

२१ सदस्यीय स्ववियु समितिमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट एक जना अध्यक्ष, एक जना सचिव, एकजना कोषाध्यक्ष र ८ जना सदस्यहरु निर्वाचित हुनेछन् भने समानुपातिक निर्वाचन प्रणालीबाट उपाध्यक्ष र सहसचिवसहित १० जना उम्मेदवार निर्वाचित हुनेछन् ।

सरकारले बढायो रासायनिक मलको मूल्य

काठमाडौं/सरकारले रासायनिक मलमा दिँदै आएको अनुदान कटौती गरेको छ । अनुदान कटौतीसँगै अब सबै प्रकारका रासायनिक मलको मूल्य साविकको भन्दा मङ्गैगो हुने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सब्जेलकाअनुसार २६ फागुन अघिको तुलनामा अब युरिया मल किलोमा ११ रुपैयाँ, डीएपी किलोमा ७ रुपैयाँ र पोटास किलोमा ९ रुपैयाँले महँगो भएको छ ।

बढेको मूल्यअनुसार अब युरिया मलको प्रतिकिलो किसान मूल्य २४ रुपैयाँ, डीएपीको ५० रुपैयाँ र पोटासको ४० रुपैयाँ कायम भएको छ । यस अघि १४ रुपैयाँमा युरिया, ४३ रुपैयाँमा डीएपी र ३१ रुपैयाँ किलोमा पोटास किन्न पाइन्थ्यो । सरकारले रासयनिक मलमा किसानलाई दिँदै आएको अनुदान घटाउने नीति लिएअनुसार सरकारले दिने अनुदान घटाउँदा किसानलाई बेच्ने मूल्य बढेको मन्त्रालयले जनाएको छ ।

२६ फागुन अघि मलमा समग्रमा ७० प्रतिशत किसान अनुदान रहेकामा त्यसलाई कटौती गरेर ५९.४ प्रतिशतमा झारिएको मन्त्रालयले जनाएको छ । ११.७८ प्रतिशतले अनुदान कटौती गर्दा किसानलाई मलको खरिद लागत बढेको मन्त्रालयले जनाएको छ । मन्त्रालयकाअनुसार युरिया मलको अनुदान ८०.११ प्रतिशतबाट घटाएर ६४.४९ प्रतिशत कायम गरिएको छ । यस्तै डीएपी मलको अनुदान ५९.४ प्रतिशतबाट घटाएर ५२.३८ प्रतिशतमा सीमित गरिएको छ भने पोटासमा दिँदै आइएको ५८.२ प्रतिशत अनुदानलाई घटाएर ४६०९ प्रतिशत कायम गरिएको मन्त्रालयले जनाएको छ ।

अर्थ मन्त्रालयले मल माथिको परिनिर्भरता बढ्दै गएको भन्दै सरकारी लागत कम गर्न अनुदान घटाउन दिएको निर्देशनका आधारमा मलको मूल्य बढाउने निर्णय भएको मन्त्रालयले जनाएको छ । बढेको मूल्यमा मलको बिक्री र बजार अनुगमनका लागि मन्त्रालयले गृह मन्त्रालयलाई आग्रह समेत गरेको छ ।

'बुलाकी'को गीतमा सुरक्षा र नरेनको छमछमी

काठमाडौं/आगामी बैशाख १ गतेबाट प्रदर्शनमा आउन लागेको लक्ष्मण सुनार निर्देशित फिल्म 'बुलाकी'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'नाच सुवा नाच' बोलको लोक शैलीको गीतमा सिडी विजय अधिकारी र रचना रिमालको स्वर, गोविन्द मधुर आचार्यको शब्द रचना तथा संगीत रहेको छ । फिल्म कर्णालीको कथामा निर्माण भएकाले गीतमा पनि त्यहाँ बोलिने भाषालाई प्रयोग गरिएको छ ।

कविराज गहतराजले कोरियोग्राफी गरेको गीतको भिडियोमा फिल्मका प्रमुख अभिनेता नरेन खड्का र अभिनेत्री सुरक्षा पन्त नृत्य गर्दै देखिएका छन् । फिल्ममा जोनीहरु श्रीमान्-श्रीमतीको भूमिकामा छन् । गीतमा अनु पराजुली र कृष्ण रेउले पनि नृत्य गर्दै प्रस्तुत छन् । फिल्मले कर्णालीको ग्रामीण जीवन, रितिरिवाज, जारी प्रथा र वैवाहिक सम्बन्धमा आउने आरोह-अवरोहलाई उतारेको छ ।

टोपेन्द्र विष्टको निर्माण रहेको 'बुलाकी'मा विराज विष्ट, रमेश बुढाथोकी, लक्ष्मी गिरी, कुलदीप अधिकारी, सुशील पोखरेल, फलनाथ खत्री, सोनु सेढाइ, धनबहादुर राई, लक्ष्मण देवकोटा, बसन्त उदास, प्रकाश कँडेल र सरस्वती खत्रीको पनि अभिनय छ । छत्रेश्वरी प्रतिस्पर्धा हुँदैछ ।

किन हुन्छ प्रचण्डको...

दुवै ठूला पार्टी आफ्नो नेतृत्व र माओवादीको सहयोगमा सरकार बनाउन चाहन्छन् । तर माओवादीले सरकारको नेतृत्व दाबी गर्दा उनीहरू सहयोगी भूमिकामा सीमित भएका छन् । यसले उनीहरूमा लघुताभासको अनुभूति भएको छ । उनीहरूको दबिएको अहंले प्रचण्डमाथि आक्रमण गरेको छ ।

प्रचण्ड व्यक्तिगत कार्यशैलीका कारण पनि आक्रमणको निशानामा परेका छन् । हुन त प्रचण्ड यसलाई गतिशीलता भनी सौन्दर्यकरण गरिरहेका छन् । उनी एकांतिर विलासी जीवनशैली बाँच्छन् भने सँगसँगै आफूलाई सर्वहारा वर्गको नेता हुँ भनिरहन्छन् । अपेक्षा र आवश्यकता राजनेताको छ तर प्रचण्डले साना विषयले पनि तरङ्गित हुने, शीघ्र र विवादित प्रतिक्रिया दिने अस्थिर कार्यशैली अपनाइरहेका छन् । कूटनीतिक र सन्तुलित सम्बन्धमा उनको हर्ल्याङपाटे कार्यशैली देखिन्छ ।

प्रचण्डसँग असहमत हुने धेरै विषय छन् । तर उनी सशस्त्र युद्धबाट उदाएका पूर्वविद्रोही नेता हुन् । उनी अहिले तेस्रोपटक प्रधानमन्त्री बनेका छन् । उनले प्रधानमन्त्री पद वंश, बक्सिस र राज्य विप्लवद्वारा होइन, सार्वभौम संसदको निर्वाचनबाट पाएका हुन् ।

माओवादी पार्टी सानो हुँदै गएको हुँदा प्रतिशोधी तत्व उनको विरुद्ध हात धोएर लागेको छ । यस पार्टीको क्रान्तिकारी रापताप सेलाउँदै गएको छ । नैतिक बल र बलिदानी भाव स्खलित हुँदै गएको छ । तर पनि यो निषेध र दमन गर्न सकिने शक्ति होइन । प्रचण्डमाथिको निरन्तरको आक्रमण 'जनयुद्ध', जनआन्दोलन २०६२/६३, गणतन्त्र, समावेशी लोकतन्त्रमाथिको आक्रमण हो ।

आक्रमण र आलोचना फरक-फरक अवधारणा हुन्। असहमत हुनेलाई दण्डित गर्ने सर्वसत्तावादी विचारधारा छाडेर प्रचण्ड स्वयंले असहमत हुन पाउने सहभागितामूलक लोकतन्त्र स्वीकार गरेका छन्।

प्रचण्डका कमजोरीको आलोचना गरी सच्याउने, नसच्चिए चुनाव हराएर थन्क्याउने विकल्प हामीसँग छन् र हुनुपर्छ । तर प्रचण्डमाथिको आक्रमणको कम्तीमा पनि २०७२ सालको संविधान पक्षधर हरूले प्रतिवाद गर्नुपर्छ ।

(स्रोत: अनलाइनखबर)

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

हेटौंडा-इनरुवा प्रसारण लाइन

हेटौंडा क्षेत्रको अवरोध हटाउन प्राधिकरणको ताकेता

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ महत्वपूर्ण विद्युत निर्माण परियोजना मध्येको एक हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभीए डबल सर्किट प्रसारण लाइन आयोजना निर्माणको अवरोध अझै हटेको छैन ।

प्रसारण लाइनको अवरोध विगत ६ वर्षदेखि कायमै रहेको छ । हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङ सवस्टेसनबाट सुरु भई सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसनमा जोडिने प्रसारण लाइन १० जिल्ला पार भएर जान्छ । निर्माणाधीन प्रशारण लाइन आयोजनाअन्तर्गत् मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा १५, १६ तथा १७ स्थित हटिया र सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर क्षेत्रमा करिब ६ वर्षदेखि निर्माणमा अवरोध कायमै छ ।

प्रसारण लाइनको अवरोध हटाउन नेपाल विद्युत प्राधिकरणले हेटौंडाका जनप्रतिनिधिहरुसँग छलफल गरेको छ । निरन्तर अवरोध भएपछि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण निर्देशनालयका प्रमुख दीर्घायुकुमार श्रेष्ठ, आयोजना प्रमुख श्याम यादव सम्मिलित उच्चस्तरीय टोलीले प्रभावित क्षेत्रका जनप्रतिनिधिहरु हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामा, वडा नम्बर १५ का वडाध्यक्ष सुनिल मोक्तान, वडा नम्बर १६ का वडाध्यक्ष रामकृष्ण कोइरालासँग समस्या समाधानका लागि छलफल गरेको हो ।

टोलीले स्थानीयसँगको छलफल र सहमतिमै प्रसारण लाइन निर्माण अगाडि बढाइने हँुदा यसका लागि आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिदिन आग्रह गरेको वडा अध्यक्ष मोक्तानले जानकारी दिए । उनले प्रशारण लाइन विस्तारको विषय जटिल रहेकाले प्रभावित क्षेत्रका स्थानीयसँग छलफल गरिने बताए । *साझाकुरा*सँग कुराकानी गर्दै वडाध्यक्ष मोक्तानले प्रशारण लाइन विस्तार गर्दा

स्थानीयलाई क्षतिपूर्ति दिनुपर्नेमा जोड दिइएको बताए । समस्या समाधान गर्न उपमहानगर सकारात्मक भएको भन्दै स्थानीयको माग पनि सम्बोधन हुनुपर्ने मोक्तान बताउँछन् । छलफलमा कार्यकारी निर्देशक घिसिङले देशभित्रको विद्युत आपूर्ति र भारतसँगको विद्युत व्यापारका लागि यस प्रसारण लाइन तत्काल निर्माण सम्पन्न गर्नुपर्ने भएको बताएका थिए ।

प्रसारण लाइन आयोजना र स्थानीय बासिन्दा दुवै पक्ष मर्कामा नपर्ने गरी अवरोध हटाउनका लागि पहल गरिदिन घिसिङको आग्रह छ । प्रसारण लाइन बन्न नसकेको अवस्थामा दैनिक चार सयदेखि पाँच सय मेगावाटसम्म विद्युत् खेर फाल्नुपर्ने बाध्यात्मक अवस्था आउने र यसबाट प्राधिकरणलाई मात्र नभएर देशलाई नै ठूलो घाटा हुने घिसिङले बताएका थिए । प्रभावितलाई उचित क्षतिपूर्ति दिएर सहमतिमै प्रसारण लाइन निर्माण अगाडि बढाउन तयार रहेको उनको भनाई छ । नगरप्रमुख लामाले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको निर्माण पनि अगाडि बढ्ने र प्रभावित पनि मर्कामा नपर्ने गरी समस्या समाधानका लागि सहजीकरण गरिने छलफलमा बताएकी थिइन् ।

हेटौंडाको हटिया क्षेत्रमा १४ वटा, हेटौंडा उपमहानगरपालिका वडा नम्बर-११ थानाभन्याङमा दुईवटा र जियाजोर क्षेत्रमा आठवटा टावर निर्माणमा अवरोध छ । थानाभन्याङस्थित सवस्टेसनमा लाइन छिराउन दुईवटा टावर निर्माण गर्नुपर्नेछ । यसबाट ऐलानी जग्गामा बनेका ४६ वटा घर प्रभावित हुने देखिएको छ । यस क्षेत्रका स्थानीय बासिन्दाले प्रसारण लाइनको रुट परिवर्तनको माग गर्दै आएका छन् । हटिया क्षेत्रमा टावर प्याड निर्माणका लागि अधिग्रहण गरिने जग्गाको मुआब्मा निर्धारण भइसकेको छ । केही जग्गाधनीले मुआब्मा पनि बुझिसकेका छन् ।

३० महिनामा निर्माण सम्पन्न गर्ने गरी २०६९ साल माघमा ठेकका सम्झौता भएको थियो । प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, वन क्षेत्रको जग्गा प्रयोग तथा रुख कटान स्वीकृतिको प्रक्रियागत उल्झन, ठेकेदारको कमजोर कार्यसम्पादनलगायत कारणले निर्माण ढिला भएको जनाइएको छ । स्थानीय क्षेत्रमा अवरोध खुलाई निर्माणका लागि नेपाल विद्युत् प्राधिकरणले गरिरहेको निरन्तरको प्रयास पनि सफल हुन सकिरहेको छैन ।

हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभीए प्रसारण लाइन निर्माण सम्पन्न हुन नसक्दा धनुषास्थित ढल्केबर सबस्टेसनबाट लाइन क्षमता अभावमा मुख्य रुपमा पश्चिमतर्फ विद्युत् पठाउन नसकिएको आयोजनाले जनाएको छ । हाल ढल्केबरबाट पश्चिमतर्फ १३२ केभी प्रसारण लाइन मात्रै छ । प्रसारण लाइन अभावमा ढल्केबर सबस्टेसनमा पर्याप्त विद्युत् पुऱ्याउन नसक्दा देशभित्र खपत गरी बढी भएको विद्युत् भारततर्फ निर्यात गर्न र आवश्यक पर्दा आयात गर्न समस्या छ ।

आयोजनाअन्तर्गत नै हेटौंडामा निर्माणाधीन दुईसय २० केभीको सबस्टेसन आगामी असारभित्र सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ । हटौंडामै निर्माणाधीन ४०० केभीको सबस्टेसनको काम अन्तिम चरणमा पुगेको छ । कुल १७ करोड अमेरिकी डलर अनुमानित लागत रहेको आयोजना नेपाल सरकार, विद्युत् प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार परियोजनाअन्तर्गत् सुरु गरिएको हो । आयोजनाबाट विश्व बैंक बाहिरिएको छ ।

हेटौंडामा ८ महिनामा बन्यो दुईसय ३३ नयाँ भवन

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ हेटौंडामा शहरीकरणको विस्तार सुस्त गतिमा भइरहेको एक तथ्याङ्कले देखाएको छ । दुई वर्षको तथ्याङ्कलाई हेर्दा शहरीकरणमा सुस्तता आएको हो ।

जग्गा वर्गीकरणलगायत कारण किताकाटमा देखिएको समस्या र आर्थिक मन्दीका कारण शहरीकरण बृद्धिमा कमि देखिएको हो । पछिल्लो समय तराईबासीको बसाई गन्तव्य रोजाईमा परेको हेटौंडामा चालु आर्थिक वर्षमा भवन निर्माणको दर निकै कमजोर देखिएको छ । हेटौंडा उपमहानगरपालिकाको योजना तर्जुमा तथा पूर्वाधार विकास महाशाखा भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखाको तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०७९/०८० को माघ मसान्तसम्म दुईसय ३३ वटा भवन निर्माणको नक्सा पास भएको देखिएको छ । गत आव ०७८/०७९ को माघ मसान्तसम्म करिब ५ सयको संख्यामा भवन निर्माण अनुमति लगिसकेको तथ्याङ्क छ ।

अघिल्लो आर्थिक वर्षमा निर्माण भएका भवन संख्याको आधारमा चालु आर्थिक वर्ष २०७९/०८० मा कम देखिएको हो । भवन निर्माण दरका आधारमा हेटौंडामा बसाईका लागि आउनेको संख्या पनि कमि आएको आँकलन गर्न थालिएको छ । योजना तर्जुमा तथा पूर्वाधार विकास महाशाखा भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखाका अनुसार चालु आर्थिक वर्ष ०७९/०८० को माघसम्म दुईसय ११ नक्सा इजाजत लिन पालिकामा पेश भएको छ भने ११ वटा नक्सा म्याद थप भएको देखिएको छ । चालु वर्षमा ६० वटा नक्सा नामसारी भएको पाइएको छ । चालु आर्थिक वर्षको माघ मसान्तसम्म सार्वजनिक सडक र प्लानिङ स्वीकृतिको काम नभएको महाशाखा प्रमुख सत्यनारायण साहले जानकारी दिए ।

तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको माघसम्म सबैभन्दा बढी भवन निर्माण इजाजत हेटौंडा-५ मा ६२, हेटौंडा-८ मा ३३, हेटौंडा-७ मा २२, हेटौंडा २ मा १२ र हेटौंडा ६ मा ११ वटा रहेको देखिएको छ । अन्य वडामा भने न्यून संख्यामा भवन निर्माण इजाजत दिइएको छ । तथ्याङ्क अनुसार साउनमा सबै भन्दा बढी ४३, भदौंमा ३०, असोजमा ४१, कात्तिकमा १५, मंसिरमा ३६, पुषमा ३७ र माघमा ३१ वटा इजातज लिने कार्य भएको देखिन्छ । महाशाखा प्रमुख साहका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा चालु वर्षको सुरुबाटै देखिएको आर्थिक मन्दीका कारण भवन इजाजत लिने संख्यामा कमि आएको हो ।

'सबैतिर आर्थिक समस्या छ कसरी भवन निर्माणको काम हुनु', साहले भने । बैंक तथा वित्तीय संस्थाले लगानी नगरेसम्म भवन निर्माण नहुने र बजारमा आर्थिक कारोबारमा सुधार नआएसम्म अवस्था यस्तै रहने उनको बुझाइ छ । अहिले नगरका १९ वटै वडामा न्यून संख्यामा भवन निर्माणको काम भएपनि लगानी अपुग हुँदा बनेका घरहरु पनि पूरा गर्न नसकेर म्याद थप गर्नुका लागि निवेदन आउने क्रममा रहेको उनले बताए । भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखाका अनुसार अघिल्लो आर्थिक वर्षमा नक्सा पास ७ सय ४९, नक्सा दर्ता ७ सय ४८, म्याद थप माग ४९, नक्सा नामसारी १ सय ९, सडक सार्वजनिक १४ वटा र प्लानिङ स्विकृत १३ वटा भएको थियो ।

अस्पतालमा मनोसामाजिक चिकित्सक राख्न माग

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ हेटौंडा अस्पतालमा मानसिक तथा मनोसामाजिक समस्या भएका व्यक्तिहरुको उपचारको लागि मनोसामाजिक चिकित्सक व्यवस्था गर्न माग गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी ऐन, २०७४ खण्ड ७ को ३५ नम्बर बुँदामा उल्लेख भए अनुसार अस्पतालमा मनोसामाजिक चिकित्सक राख्न माग गरिएको हो । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई मनोसामाजिक अपाङ्गता भएकाहरुको क्षेत्रमा काम गर्दै आइरहेको कोशिश संस्थाको पहलमा विभिन्न सरोकारवाला संस्थाहरुका प्रमुख तथा पदाधिकारीहरुले चिकित्सक माग गरेका हुन् ।

प्रतिष्ठानका रजिष्ट्रार राजेश प्रसाईसमक्ष सबै प्रकारका अपाङ्गता भएका सदस्यहरुको सञ्जाल संयोजक प्रताप तितुङ र मानोसामाजिक अपाङ्गता भएका समूहका सदस्य कान्छी तामाङले मनोसामाजिक चिकित्सक माग गर्दै ज्ञापनपत्र बुझाएका हुन् । हेटौंडा अस्पतालमा मानसिक स्वास्थ्य सेवाका लागि मनोचिकित्ससहितको युनिटको व्यवस्था गरेको तर, हाल चिकित्सक नहुँदा सेवाग्राहीहरुले मनोचिकित्सकीय सेवा लिन नपाएकोप्रति ध्यानाकर्षण गराइएको हो ।

ऐनमा उल्लेख भए अनुसार व्यवस्था व्यवहारमा लागू नहुँदा मनोसामाजिक समस्या भएका व्यक्तिहरुको उपचारमा सहज पहुँच नभएको उनीहरुको भनाइ छ ।

नेपाल राष्ट्रिय अनुसन्धान परिषद्ले सन् २०१७ देखि २०२० सम्म गरेको अनुसन्धानअनुसार बागमती प्रदेशमा करिब १२ प्रतिशत व्यक्तिमा कुनै न कुनै किसिमको मानसिक स्वास्थ्य समस्या छ । मकवानपुरमा पनि उपलब्ध मानसिक स्वास्थ्य सेवालाई निकै कहाली लाग्दो अवस्थामा रहेको कोशिशकी सुनिरा लामाले बताइन् । प्रदेश राजधानी भएको मकवानपुर जिल्लामा समेत मनोसामाजिक तथा मानसिक स्वास्थ्य सेवाको सुविधा लिनबाट बञ्चित हुनुपरेको उनले बताइन् ।

समयमै कर तिरौं

- आफूले तिर्नुपर्ने कर समयमै तिरौं।
- राज्य सञ्चालनमा सहयोग गरौं।
- नागरिक कर्तव्य पूरा गरौं।

जनताबाट उठाइएको कर:

- सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
- सार्वजनिक सेवा सञ्चालन,
- सामाजिक सुरक्षा प्रदान,
- बैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सरकारी अनुदान कटौतीले....

सरकारले यसअघि युरियामा ८० प्रतिशत, डीएपीमा ६० प्रतिशत र पोटासमा ५९ प्रतिशत अनुदान दिइरहेको थियो । तर, अब युरियामा ६४ दशमलव ४९, डीएपीमा ५२ दशमलव ३८ र पोटासमा ४६ दशमलव ०९ प्रतिशतमात्रै अनुदान दिइनेछ ।

अर्थ मन्त्रालयले रासायनिक मलको अनुदान घटाउन भनेपछि यस्तो निर्णय गरिएको कृषि मन्त्रालयले जनाएको छ । 'रासायनिक मलको बढ्दो माग, बढ्दो अन्तर्राष्ट्रिय मूल्य र रासायनिक मलमा बढ्दो अनुदान रकमलाई ध्यानमा राख्दै अर्थ मन्त्रालयको पत्रअनुसार स्रोत सुनिश्चितता गर्दाको शर्तको रुपमा रासायनिक मलमा दिईदै आएको अनुदानलाई लागतको ५० प्रतिशतमा सीमित राख्ने राय आएको छ', कृषि मन्त्रालयको विज्ञप्तिमा भनिएको छ ।

मन्त्रालयका अनुसार नेपालका लागि वार्षिक पाँच लाख २० हजार मेट्रिक टन रासायनिक मल आवश्यक पर्छ । मलमा कृषकलाई अनुदान उपलब्ध गराउन चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा १५ अर्ब रुपैयाँ छुट्याइएको थियो । गत साउन २७ गते अर्थ मन्त्रालयबाट १६ अर्ब रुपैयाँ स्रोत सुनिश्चितता दिइएको थियो भने यही फागुन ८ गते ७ अर्ब ५० करोड रुपैयाँको स्रोत सहमति दिइएको थियो । यसरी चालु आर्थिक वर्षका लागि रासायनिक मल शीर्षकमा कुल ३८ अर्ब ५० करोड ६ लाख बजेट कायम भएको छ ।

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।



कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुम्चौर
(निर्माण व्यवसायी संघको अआाडि)
सम्पर्क नं.: ९८४५९२६९१२

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर्थिक विकास (कृषि विकास) शाखा

फलफूल तथा तरकारी प्रबर्द्धन कार्यक्रम सम्बन्धि सूचना !

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०७९/११/३० गते)

वागमती प्रदेशको आ.ब. २०७९/८० को वार्षिक स्वीकृत सशर्त कार्यक्रम अर्न्तगत (शीर्षक नं. ७५, र पेज ४४) हेटौंडा उपमहानगरपालिका वडा नं. १३ क्षेत्र भित्रका कृषक समूहहरु, कृषि सहकारी संस्थाहरुको लागि फलफूल तथा तरकारी प्रबर्द्धन कार्यक्रम संचालन गर्न अनुदान उपलब्ध गराउने भएकोले तपसिलको शर्तहरुको अधिनमा रहि यो दास्रो पटक सूचना प्रकाशनको मितिले ७ (सात) अर्थात २०७९।१२।६ गते कार्यालय समय भित्र हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सरोकारवालाहरुको लागी यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१. प्रस्ताव सहितको निवेदन फलफूल तथा तरकारी कार्यक्रमको लागि मात्र हुनु पर्ने छ ।
३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।
   क) कृषक: समूह/सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहित)।
   ख) संस्थाको प्यान दर्ता प्रमाणपत्र को प्रतिलिपी र अडिट रिपोर्ट ।
   ग) फलफूल तथा तरकारी खेती कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।
   घ) सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
४. अनुदान कार्यक्रममा छनौट भएमा प्रस्ताव गरिएकै क्षेत्र भित्र कार्यक्रम संचालन गर्नुपर्ने छ।
५. अनुदान कार्यक्रममा छनौट भएमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित समूह /सहकारी संस्था बीच हुने सम्झौता अनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।
६. अनुदान कार्यक्रममा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने छ ।
७. रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।
८. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नु होला ।

हेटौंडा उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड

हामीकहाँ आधुनिक डिजाइनका गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५३०५६३, ९८१५२२४३४३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन ब्योपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११९५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना